# वीरगंज महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
मधेश प्रदेश (नेपाल)

**सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना!**

८६५९

**(प्रथम पटक प्रकाशित मितिः २०८२।०१।३० गते)**

यस कार्यालय अन्तर्गतका वडा नं. २७ का लागि आ.व. ०८१/०८२ मा तपसिलमा उल्लेखित पदहरुमा खुला प्रतिस्पर्धाबाट सेवा करारमा जनशक्ति पदपूर्ति गर्नुपर्ने भएकोले यस कार्यालयको मिति २०८२।०१।३० गतेको निर्णयानुसार देहाय अनुसार तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट तपसिलमा उल्लेख भए अनुसारका कागजातहरुसहित सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा दरखास्त दिन सम्बन्धित सबैमा यसै सूचनाद्वारा आह्वान गरिन्छ ।

**तपसिल**

| विज्ञापन नं. | पद | माग संख्या | कार्यक्षेत्र | आवेदन दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ०६/०८१/०८२ | सामुदायिक मनोसामाजिक कार्यकर्ता | १ जना महिला मात्र | वीरगंज महानगरपालिका अन्तर्गतको वडा नं. २७ मा | रु. १,२००।- | सेवा करार |

१. **दरखास्त फारम** :यस वीरगंज महानगरपालिकाको कार्यालय अन्तर्गतको प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा वा यस कार्यालयको वेवसाईट www.birgunjmun.gov.np बाट समेत प्राप्त गर्न सकिने छ ।

२. **दरखास्त दिने स्थानः** वीरगंज महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा

३. **दरखास्त दिने अन्तिम मितिः** २०८२।०२।०५ गतेसम्म सो दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोली पल्ट कार्यालय समयभित्र,

**सामुदायिक मनोसामाजिक कार्यकर्ता पदाका उम्मेद्वारहरका लागि आवश्यक न्यूनतम योग्यताः**

- दरखास्त दिने उम्मेद्वार वी.म.न.पा. वडा नं. २७ को स्थायी बासिन्दा हुनुपर्नेछ ।
- शैक्षिक योग्यताः कम्तिमा पनि १२ वा सो सरह उतीर्ण गरेको।
- उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

**अनुभव एवं वाञ्छनीय योग्यताः**

- कम्तिमा पनि १२ कक्षा वा सो सरह उत्तीर्ण गरेको।
- समुदायमा मनोसामाजिक सहजकर्ता वा सामाजिक कार्यकर्ताको रुपमा अनुभव प्राप्तलाई प्राथमिकता दिइने छ।
- समुदायमा निहित लैङ्गिक हिंसा न्यूनीकरण तथा रोकथाममा काम गर्न रुची रात्रे ।
- उम्मेदवारहरु सम्बन्धित नगरपालिकाको हुनुपर्नेछ ।
- मनोसामाजिक समस्या भएका केशहरुको प्रेषण तथा अनुगमनको अनुभव भएको।
- आफुले गरेको कामको प्रतिवेदन बनाउने अनुभव भएको ।
- दिइएको उत्तरदायित्व राम्रो सँग वहन गर्न कटिबद्ध रहने ।
- स्पष्ट रुपले संचार गर्न सक्ने र आवश्यकता अनुसार गोपनियता कायम गर्ने क्षमता भएको ।
- प्रतिस्पर्धा एवं अप्ठ्यारो परिस्थितिमा सहयोग गर्न रुचि राख्ने ।
- स्थानीय स्तरमा क्लव, महिला समूह, आमा समूह, महिला स्वास्थ्य स्वयंसेविका, अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्था, स्वास्थ्य संस्था, तथा वडामा स्थानीय सरकार तथा अन्य गैर सरकारी संस्थाबाट सञ्चालन भएका अन्य कार्यक्रमसँग समन्वय गर्न सक्ने।
- इमेल, इन्टरनेट, MS Word र Power Point प्रयोग गर्ने सीप भएको स्थानीय तथा राष्ट्रियस्तरमा लैङ्गिक हिंसा सम्बन्धि जानकारी तथा यस्ता हिंसाबाट प्रभावितको मनोसामाजिक सहयोगको आवश्यकता तथा सहयोगको प्रकृयाबारे राम्रो जानकारी भएको ।
- उत्सुक एवं नयाँ विषयवस्तु सिक्न ईच्छा भएको ।
- दलित, जनजाती, अल्पसंख्यक तथा सीमान्तकृत समुदायका उम्मेदवारहरुलाई विशेष ग्राहयता दिइनेछ ।

४. **सामुदायिक मनोसामाजिक कार्यकर्ता पदका उम्मेद्वारहरुले दरखास्त पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरूः**

- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि १ थान।
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि १ थान।
- वाञ्छनीय योग्यता तथा अनुभवका प्रमाणित प्रतिलिपि १ थान ।

५. **छनौट विधिः-** अन्तर्वार्ता

६. **परीक्षा मितिः** दरखास्त सङ्कलन भए पश्चात परीक्षा मिति प्रकाशन गरिने छ ।

७. **सेवा सुविधा तथा अन्यः** सम्बन्धित स्थानीय तहले तोके बमोजिम हुनेछ ।

८. आवेदन दस्तुर वापतको रकम यस कार्यालयको राजश्व व्यवस्थापन महाशाखामा बुझाएको सक्कल रसिद आवेदन फारमसाथ संलग्न राखी पेश गर्नुपर्नेछ।

सुनिल कुमार कर्ण
(प्रमुख)
प्रशासन तथा व्यवस्थापन महाशाखा
महाशाखा प्रमुख



CamScanner